**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ अगष्ट २०२५

समयः ०७.२५ – ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. फिलिपिन्सका राष्ट्रपति फर्डिनेंड आर. मार्कोस जूनियर पाँच दिने भारत भ्रमणमा आज दिउँसो नयाँ दिल्ली आइपुग्नुहुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदी र राष्ट्रपति मार्कोसले भोली द्विपक्षीय वार्ता गर्नुहुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको कान्डलामा बन्दरगाह क्षेत्रमा भारतको पहिलो मेक-इन-इन्डिया हरित हाइड्रोजन प्लान्टको सञ्चालनसँगै दिगोपनतर्फको ऐतिहासिक कदमको प्रशंसा गर्नुभएको छ।

३. निर्वाचन आयोगले दुई मतदाता पहिचानपत्र राख्ने सम्बन्धी विवादमा फंसेका राष्ट्रिय जनता दलका नेता तेजस्वी यादवलाई जांचका लागि विवरण प्रस्तुत गर्न भनेको छ।

४. पहिलो बिमस्टेक परम्परागत संगीत महोत्सव आज साँझ नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुनेछ। विदेश मन्त्री डा. एस. जयशंकरले कार्यक्रमको उद्घाटन गर्नु हुनेछ।

५. भारतको स्मार्टफोन निर्यात वित्त वर्ष २०२५-२६ को पहिलो त्रैमासिकमा रेकर्ड उच्च पुगेको छ। गत वर्षको सोही अवधिको तुलनामा यो ५८ प्रतिशतले बढेर सात अरब 72 करोड़ डलर पुगेको छ।

६. भारतीय खेलाडी अब्दुल्लाह अबुबाकरले काजाकिस्तानको अल्माटीमा भएको कोसानोभ मेमोरियल-२०२५ एथलेटिक्स मिटमा पुरुष ट्रिपल जम्प उपाधि जितेको छ।

**फिलीपीन्स- राष्ट्रपति यात्रा**

फिलिपिन्सका राष्ट्रपति फर्डिनेंड आर. मार्कोस जूनियर पाँच दिने भारत भ्रमणमा आज दिउँसो नयाँ दिल्ली आइपुग्नुहुनेछ। उहाँका साथमा उहाँकी श्रीमती लुइस अरनेटा मार्कोस र एक उच्चस्तरीय प्रतिनिधिमण्डल पनि हुनेछन् जसमा कैयन कैबिनेट मंत्री, वरिष्ठ अधिकारी र व्यापार प्रतिनिधि सामेल छन् । राष्ट्रपतिको रूपमा पदभार ग्रहण गरेपछि राष्ट्रपति मार्कोसको यो पहिलो भारत भ्रमण **हुनेछ।** प्रधानमन्त्री नरेन्द्र मोदी र राष्ट्रपति मार्कोसले भोली द्विपक्षीय वार्ता गर्नुहुनेछ। राष्ट्रपति मार्कोसले राष्ट्रपति द्रौपदी मुर्मुसित पनि भेटवार्ता गर्नुहुनेछ। यस भ्रमणको क्रममा विदेशमन्त्री डा. एस. जयशंकरले राष्ट्रपति मार्कोससित भेटवार्ता गर्नुहुनेछ। राष्ट्रपति मार्कोस फिलिपिन्स फर्कनुअघि बेंगलुरुको भ्रमण गर्नुहुनेछ।भारत र फिलिपिन्स बीचको कूटनीतिक सम्बन्ध नोभेम्बर 1949 मा स्थापित भएको थियो। त्यसताकदेखि नै, दुई देशले व्यापार, लगानी, रक्षा तथा सुरक्षा, समुद्री सहयोग, कृषि, स्वास्थ्य सेवा र डिजिटल प्रौद्योगिकी लगायत कैयन क्षेत्रहरूमा मजबूत साझेदारी विकसित गरेका छन्।

**प्रधानमन्त्री हरित हाइड्रोजन संयन्त्र**

प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको कांडलामा बन्दरगाह क्षेत्रमा भारतको पहिलो मेक-इन-इंडिया ग्रीन हाइड्रोजन संयन्त्र संचालनलाई स्थिरताको दिशामा एक ऐतिहासिक कदम बताउनुभएको छ। दीनदयाल बन्दरगाह प्राधिकरण (डीपीए) द्वारा शुरू गरिएको यो परियोजना, देशको नेट-ज़ीरो उत्सर्जन लक्ष्यलाई प्राप्त गर्ने प्रयासहरुमा एउटा ठुलो प्रगति हो। एक सोशल मीडिया पोस्टमा, श्री मोदीले भन्नुभयो, यो एक सराहनीय प्रयास हो, जसले स्थिरतालाई बढ़ावा दिंदछ र हाम्रो नेट-ज़ीरो विजनको शक्ति

प्रदान गर्दछ । मई 2025 मा भुजको आफ्नो यात्रा अवधि प्रधानमंत्री मोदी द्वारा 10 मेगावाटको ग्रीन हाइड्रोजन सुविधाको आधारशिला राखनु भएको चार महीना पछि यस संयन्त्रको संचालन शुरू भएको हो।

**बिमस्टेक संगीत महोत्सव**

पहिलो बिमस्टेक परम्परागत संगीत महोत्सव आज साँझ नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुनेछ। विदेश मन्त्री डा. एस. जयशंकरले कार्यक्रमको उद्धाटन गर्नु हुनेछ। भारत, बंगलादेश, भूटान, म्यानमार, नेपाल, श्रीलंका र थाइल्याण्डका कलाकारहरूले संगीतमय साँझमा प्रस्तुति दिनेछन्। भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आई.सी.सी.आर.) द्वारा आयोजित सप्तसुर - 'सात राष्ट्र, एक राग' शीर्षकको महोत्सवले सात बिमस्टेक देशहरूको विशिष्ट संगीत परम्पराहरू प्रदर्शन गर्नेछ।

**आरबीआई - एमपीसी**

भारतीय रिज़र्व बैंकको मौद्रिक नीति समिति (एमपीसी)ले आज देखि रेपो दरमा कटौतीलाई लिएर आफ्नो तीन दिवसीय बैठक शुरू गर्नेछ। आरबीआई गवर्नर संजय मल्होत्राको अध्यक्षतामा समितिको निर्णय बुधवारको दिन घोषित गरिनेछ। भारतीय स्टेट बैंकको एक रिपोर्ट अनुसार, दिपावली भन्दा अघि ऋण वृद्धिलाई बढ़ावा दिनका लागि आरबीआईले आफ्नो मौद्रिक नीति समीक्षा अवधि रेपो दरमा 25 आधार अंकले कटौती बारे घोषणा गर्ने सम्भावना छ।

**बिहार तेजस्वी विवाद**

निर्वाचन आयोगले दुई मतदाता पहिचानपत्र राख्ने सम्बन्धी विवादमा फंसेका राष्ट्रिय जनता दलका नेता तेजस्वी यादवलाई जांचका लागि विवरण प्रस्तुत गर्न भनेको छ। बिहारको दीघा विधानसभा क्षेत्रका निर्वाचक पंजीकरण अधिकारी (ERO) ले शनिबार एक संवाददाता सम्मेलनमा श्री यादवले देखाएको मतदाता पहिचान पत्र निर्वाचन आयोगले जारी नगरेको बताएका छन्। तेजस्वी यादवको नाम दीघा विधानसभा क्षेत्रको मतदाता सूचीमा दर्ता छ।श्री यादवले आफ्नो मतदाता फोटो पहिचान पत्र कार्डको नम्बर देखाएका थिए र ड्राफ्ट मतदाता सूचीबाट आफ्नो नाम हटाइएको आरोप लगाएका थिए। यद्यपि, पटनाका जिल्ला निर्वाचन अधिकारी-सह-जिल्ला मजिस्ट्रेट डा. त्यागराजनले उक्त दाबीको खणडन गर्नुभएको छ।

**स्मार्टफोन निर्यात**

भारतको स्मार्टफोन निर्यात वित्त वर्ष २०२५-२६ को पहिलो त्रैमासिकमा रेकर्ड उच्च पुगेको छ। गत वर्षको सोही अवधिको तुलनामा यो ५८ प्रतिशतले बढेर सात अरब 72 करोड़ डलर पुगेको छ। प्राप्त तथ्याङ्क अनुसार, यो वृद्धिमा सबैभन्दा ठूलो योगदानकर्ता एप्पल रहेको छ, जसले आफ्ना अनुबंध निर्माताहरूमार्फत ६ अरब डलर बराबरका आईफोनहरू निर्यात गरेको छ। यो गत वर्षको तुलनामा ८२ प्रतिशत बढी हो। यस त्रैमासिकमा टेक जायन्टले कुल स्मार्टफोन निर्यातको लगभग ७८ प्रतिशत योगदान गरेको छ।भारतले आर्थिक वर्ष २०२१ मा तीन अरब 10 करोड़ डलर बराबरका स्मार्टफोनहरू निर्यात गरेको थियो। २०२५ सम्ममा, यो संख्या बढेर 24 अरब 10 करोड़ डलर पुगेको छ, जसमा एप्पलले 17 अरब 50 करोड़ डलर योगदान गरेको छ।

**उत्तर प्रदेश - बाढ़**

उत्तर प्रदेशमा लगातार वर्षाका कारण धेरै नदीहरू खतराको चिन्हभन्दा माथि बगिरहेका छन् र मानिसहरू सुरक्षित स्थानतिर पलायन गरिरहेका छन्। अधिकारीहरु हाई अलर्टमा छन् र प्रभावित क्षेत्रहरुमा बचाव र राहत अभियान जारी छ।
प्रस्तुत छ एक रिपोर्ट -

**श्रीनगर-अमरनाथ यात्रा**

श्री अमरनाथजी यात्रा बालटाल र पहलगाम दुवै मार्गबाट स्थगित गरिएको छ। कश्मीरको डिविजनल आयुक्त विजय कुमार बिधूड़ीले भन्नु भयो, हालैमा भएको तेज़ वर्षाको कारण बालटाल र पहलगाम मार्गहरुमा मरम्मति तथा रखरखावको काम

गर्नु जरूरी भएको थियो। उहाँले भन्नु भयो, यी मार्गहरुमा मरम्मत कर्मिहरु र मशीनहरु निरन्तर तैनातीको कारण यात्रा स्थगित गर्ने निर्णय गरिएको हो।

**गुजरात - अश्विनी वैष्णव**

रेलमन्त्री अश्विनी वैष्णवले महामारी पछि भारतको बढ्दो आर्थिक मजबूती र तकनीकी प्रगतिको उद्धृत गर्दै नागरिकहरूलाई विकसित भारतको राष्ट्रिय मिशनमा सामेल हुन आग्रह गर्नुभएको छ। गुजरातको भावनगरमा व्यापारी, व्यवसायिक कारोबारी र नागरिकहरूसितको "विकसित भारत संवाद" लाई सम्बोधित गर्दै उहाँले भन्नुभयो कोविड-19 पछि वैश्विक अर्थव्यवस्थामा विकास दरमा गिरावट आएको छ, तर भारत विश्वको चौथो ठूलो अर्थव्यवस्थाको रूपमा गर्वका साथ उभिएको छ।

**अनिवार्य घोषणा-पब्लिक स्पीक**

आकाशवाणीको समाचार सेवा प्रभागले आज **राती साढे नौ** बजी आफ्नो फोन-इन कार्यक्रम- **"पब्लिक स्पीक"** अर्थात **जनवार्तामा** ""साइबर **धोखाधडी**बाट सुरक्षित रहने उपायहरू" विषय बारे परिचर्चा प्रसारित गर्नेछ। यस कार्यक्रममा गुरुग्रामको साइबर अपराध एकाइका सहायक पुलिस आयुक्त प्रियांशु दीवान र साइबर सुरक्षा विशेषज्ञ पवन दुग्गलले भाग लिनेछन्।श्रोताहरुले कार्यक्रम अवधि विशेषज्ञहरुसित साइबर धोखाधडी पहिचान गर्ने सम्बन्धमा प्रश्नहरू सोध्न सक्नेछन्। श्रोता टेलीफोन नंबर **0 1 1 - 2 3 7 1 7 1 1 7** र **0 1 1 - 2 3 3 1 4 4 4 4** मा आफ्नो प्रश्न सोध्न सक्नेछन्।

**ट्रिपल जम्प उपाधि**

भारतीय खेलाडी तथा पूर्व एसियाली च्याम्पियन अब्दुल्लाह अबुबाकरले हिजो राति काजाकिस्तानको अल्माटीमा भएको कोसानोभ मेमोरियल-२०२५ एथलेटिक्स मिटमा पुरुष ट्रिपल जम्प उपाधि जितेको छ। अबुबाकरले १६.०८ मिटरको जम्पका साथ उपाधि जिते। कोरिया गणराज्यका यु गुमिन र किम जुङ-वूले १६.०७ मिटर हाम फाले। यु गुमिन काउन्टब्याकको आधारमा दोस्रो स्थानमा थिए किनभने उनले किम जुङ-वूको १५.८७ मिटरको तुलनामा १५.९० मिटरमा दोस्रो हाम फाले।अबुबाकर सेप्टेम्बर १३ देखि २१ सम्म टोकियोमा हुने विश्व एथलेटिक्स च्याम्पियनसिपको लागि छनोट हुने दौडमा आफ्नो व्यक्तिगत उत्कृष्ट प्रदर्शनको बराबरी गर्दै छन्। यद्यपि, स्वचालित योग्यता सीमा १७.२२ मिटर हो। भारतीय खेलाडीहरू हाल विश्व वरियता कोटामार्फत छनोट हुने दौडमा छन्। छनोट हुने अन्तिम मिति २७ अगस्ट हो।